आज मिति २०८३ साल जेठ महिनाको २७ गतेका दिन बिहान ८ बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ९२औं बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

<u>उपस्थिति:</u>

| क.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सी. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सी. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री रेमन्त बहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीत:

| क.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| २ | शंकर प्र. घिमिरे | आ.वि. प्रशासन शाखा प्रमुख | |
| ३ | प्रद्युम्न मणी चुवेदी | सूचना प्रविधि शाखा | |

नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ९२
मिति: २०८३/०२/२७
समय: बिहान ८ बजे
स्थान: नगरपालिकाको सभाहल

प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२. स्वर्गद्वारी आधारभुत अस्पतालमा आँखा इकाई स्थापना सम्बन्धमा।
३. अ.हे.व र अ.न.मि विज्ञापन सम्बन्धमा।
४. आगामी आ.व.२०८३/०८४ को बजेट छलफल सम्बन्धमा।
५. योजनाको भेरियसन सम्बन्धमा।
६. विविध
 (क) नापि र मालपोल कार्यालय सञ्चालन सम्बन्धमा।
 (ख) सिसि क्यामरा जडान सम्बन्धमा।
 (ग) शिर्षक मिलान सम्बन्धमा।

निर्णयहरु:

निर्णय नं.(१) प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८३/०१/२७ गते बसेको ९१औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्य प्रगतिका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने।

निर्णय नं.(२) प्रस्ताव नं. २ माथि छलफल गर्दा स्वर्गद्वारी आधारभुत अस्पतालमा आँखा इकाई राखे सम्बन्धमा थप अध्ययनको लागि सामाजिक विकास समितिलाई जिम्मा दिने र समितिले आवश्यक अध्ययन गरी आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने।

निर्णय नं.(३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्वर्गद्वारी स्वास्थ्य चौकीमा कार्यरत अ.न.मि श्री भेष्मती राना मगरले दिएको राजिनामा स्वीकृत भएकोले निजको दरबन्दी रहेको कोचिबाङ स्वास्थ्य चौकीमा रिक्त रहेको अ.न.मी पदमा करार सेवामा १ जना अ.न.मी र सारी स्वास्थ्य चौकीमा कार्यरत सम्झना रिजालले दिएको राजिनामा स्वीकृत भएकोले निजको दरबन्दी रहेको सारी स्वास्थ्य चौकीमा रिक्त रहेको अ.हे.व पदमा स्यानिलेख शहरी स्वास्थ्य केन्द्रमा कामकाज गर्ने गरी करार सेवामा कर्मचारी भर्नाको लागि विज्ञापन गर्ने।

निर्णय नं.(४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा छलफल गरी आवश्यक निर्णय लिने।

निर्णय नं.(५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिलका योजनाहरुको भेरियसन आदेश सम्बन्धमा देहाय अनुसार गर्ने।

तपसिल:

(क) स्वर्गद्वारी नगरपालिका अन्तर्गत शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि सम्बन्धी पुरक शैक्षिक पूर्वाधार निर्माण (ठेक्का नं. 6/SWM/NCB/W/2082/83) कार्यको लागि यस कार्यालय र माण्डवी निर्माण सेवा प्यूठान बीच रू ६८,५५,५८४.३०/- मा सम्पन्न गर्ने गरी मिति २०८२/०८/०४ मा सम्झौता भएको सम्बन्धमा BOQ मा आल्मुनियमको ढोका छुट्न गएको साथै इट्टा र डण्डीको परिमाण पनि अपुग भएको देखिएको हुँदा थप गर्नुपर्ने

स्वर्गद्वारी नगरपालिका २०७३

प्रमुख प्रशासकीय अधिकृत

र बढि हुन गएको टायल विच्छ्याउने कार्य र डण्डी हटाउदा उपयुक्त हुने साथै सोही अनुसार परिमार्जित लागत अनुमान रु ८७,९७,१५०.७३/- कायम भएको छ जुन सुरू लागत भन्दा रू १,८७,३५२.८२/- अर्थात २.१८ प्रतिशत बढी र भेरियस पश्चात सम्झौता ७२,९७,२४५.०६/- कायम हुनेछ जुन सुरू सम्झौता भन्दा रू ४,४१,६६०.७७/- अर्थात ६.४४ प्रतिशतले बढी हुने हुँदा सो अनुसार भेरियसन गर्न प्रस्ताव भई आएकोले प्रस्ताव आदेश अनुसार भेरियसन आदेश स्वीकृत गर्ने।

(ख) स्वर्गद्वारी नगरपालिका वडा नं. ६ अन्तर्गत देउराली सालबाङ थापाखर्क झुपाकोट निङला छहरेखोला लिफ्ट खानेपानी योजना (ठेक्का नं. 9/SDM/NCB/DWSS/2080/81) को निर्माणको लागि यस कार्यालय र जलजला/स्वर्गद्वारी जेभि, रोल्पा बीच रू ५,३६,५८,२५१.५२/- मा सम्पन्न गर्ने गरी मिति २०८१/२/७ गते सम्झौता भएकोमा विद्युत प्रशारण लाइन भन्दा फरक ठाँउबाट विद्युत आपुर्ति गर्नुपर्ने, साइट कन्डिसन अनुसार Stone Masonry Works तथा GI Union 15mm Dia को परिमाण अपुग देखिएको हुँदा सोहिअनुसार परिमार्जित लागत अनुमान रु ६,२६,६९,६७५.२६/- कायम भएको छ जुन सुरुको लागत अनुमान भन्दा रु २४,०४,९३८.२७/- रकम (३.९९ प्रतिशत) बढी र भेरियसन पश्चात सम्झौता ५,५४,५२,९८४.१९/- रकम कायम हुनेछ जुन सुरू सम्झौता भन्दा १७,९४,७३२.६७/- अर्थात ३.३४ प्रतिशत बढी हुने हुँदा सो अनुसार भेरियसन गर्न प्रस्ताव भई आएकोले प्रस्ताव आदेश अनुसार भेरियसन आदेश स्वीकृत गर्ने।

**निर्णय नं. (६) विविध**

(क) नापि र मालपोत कार्यालयबाट सञ्चालन हुँदै आएका सेवाहरु यस नगरपालिकाको भुमि व्यवस्था शाखा स्थापना गरी सञ्चालनको लागि आवश्यक सामग्री व्यवस्थापनको लागि आ.व. २०८३/०८४ मा बजेट सुनिश्चितता र जनशक्ति व्यवस्थापन गरी सञ्चालनको गर्ने।

(ख) यस स्वर्गद्वारी नगरपालिकाको सहयोगमा मिति २०८०/११/०४ गते इलाका प्रहरी कार्यालय भिंग्री प्यूठानबाट मनिटरिङ्ग हुने गरी जडान गरिएका सिसि टिभि क्यामरा सडक विस्तारको क्रममा निकालेर राखिएकोमा मिति २०८३/०२/१८ गते इलाका प्रहरी कार्यालय भिंग्री प्यूठानबाट उक्त क्यामरा सुचारूको लागि लेखि आएकोले क्यामरा सूचारू गरिदिने र लागत रकम रु ९८,७९०/- अक्षरुपि अन्ठानब्बे हजार सात सय नब्बे रूपैया पालिकाको सूचना तथा सञ्चार शिर्षकबाट र उक्त शीर्षकमा रकम अपुग हुन पुगेमा स्रोत पहिचान गरी भुक्तानी दिने।

(ग) १. हिउदे नगरसभाको बुदाँ न. ५ मा वडा नं. ३ को लक्षित कार्यक्रमलाई टाइपिङमा त्रुटी हुँदा क्षमता विकास कार्यक्रम भइ संसोधन भएकोले लक्षित कार्यक्रमको बजेट संसोधन कायम गर्ने।

२. वडा नं. ९ को कुइनाठाटी देखि वडा कार्यालय सम्म जोड्ने मो.वा को शीर्षक संशोधन गरी कुइनाठाटी देखि वडा कार्यालय सम्म जाने मोटरबाटो तथा सिंचाइ कुलो मर्मत योजना कायम गर्ने निर्णय गरियो।

अन्त्यमा आजको ९२औं कार्यपालिका बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ उपदफा (२) को खण्ड (ज) बमोजिम नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

स्वर्गद्वारी नगरपालिका २०७३

..................
(रिमन्त बहादुर डाँगी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत